श्री उच्च अदालत जनकपुरमा चढाएको

<u>निवेदन-पत्र</u>

वषयः परमादेश लगायत अन्य आवश्यक र उपयुक्त आदेश समेत जारी गरी पाँउ

जिल्ला धनुषा सा वक जनकपुर नगर पा लका वार्ड नं. १० हाल परिवर्तित जनकपुर उप— महानगरपा लका वार्ड नं।१० मा बस्ने स्व.राज कशोर महासेठको छोरा वर्ष ४८ को अ धवक्ता राज कुमार महासेठ ..........................................................................१

को वारेश जिल्ला धनुषा धनौजी गाउ पा लका वार्ड नं. ०२ मा वस्ने वर्ष ३० को अ मत कुमार पण्डित ..........................................................................१

**निवेदक**

<u>बिरुद्ध</u>

मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय , प्रदेश नं. २ जनकपुर धाम ........१

प्रदेश निर्देशन स मति , मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, प्रदेश नं. २ जनकपुर धाम ..........................................................................२

सामाजिक वकास मन्त्रालय , प्रदेश नं. २ , जनकपुरधाम ...........................३

प्रादे शक अस्पताल , जनकपुरधाम ..............................................................४

ऐ. अस्पतालको प्रमुख , मे डकल सुपरिडेन्ट प्रमोद कुमार यादव ..................५

प्रादे शक अस्पताल जनकपुरधाम , वकास स मति .......................................६

जिल्ला को भड—१९ व्यवस्थापन स मति , धनुषा , जनकपुरधाम ...................७

जिल्ला प्रशासन कार्यालय धनुषा, जनकपुर—धाम ......................................... ८

ऐ. कार्यालयको प्रमुख ........................................................................... ९

**<u>विपक्षी</u>**
**प्रत्यर्थी**

मुद्दाः— परमादेश

सम्वत् २०७८ सालको रिट नं.

म निवेदक नेपाली नागरिक रहेको र सार्वजनिक सरोकारको रुपमा रहेको मौलिक हकको प्रभावकारी कार्यान्वयनको लागी अन्य कुनै वैकल्पिक एवं प्रभावकारी कानूनी व्यवस्थाको अभावमा नेपालको संविधान २०७२ को धारा १६, १८ , ३५ ,१४४ , मुलुकी देवानी संहिता २०७४ को दफा १७ , १८ जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ ,४, ६, ७, १२ , १६, २५ र २७, तथा कोभिड–१९ संकट व्यवस्थापन अध्यादेश २०७८ को दफा ५, १६, १७ र न्याय प्रशासन ऐन २०७३ को दफा ८ समेत वमोजिम प्रस्तुत रिट निवेदन-पत्र लई उपस्थित भएको छु । मेरो निवेदन दावी निम्न वमोजिम रहेको छ ।

१) विश्व व्यापी रुपमा फैलिएको भेरियन्ट सहितको कोरोना भाईरस (**Covid —19** ) को दोस्रो लहरवाट नेपाल पनि पूर्ण रुपमा प्रभावित भएको छ । विगत महिना देखि नै यसको प्रत्यक्ष प्रभाव धनुषा जिल्ला लगायत यो प्रदेशमा पनि परेको छ । भेरियन्ट कोभिड भाईसरवाट प्रत्येक दिन यस प्रदेशमा ५०० भन्दा वढी व्यक्तिहरु संक्रमित हुदै आएको छ । धनुषा जिल्लामा मात्र दैनिक रुपमा १५० को हाराहारमा संक्रमित देखिएको अवस्था छ भने परिक्षणको प्रतिशतले हिसाव गर्दा ४० देखि ५० प्रतिशतको हाराहारीमा व्यक्ति प्रभावित भई रहेको तथ्य तथ्याँकले देखाएदै आएको छ । कोभिड–१९ को प्रभावलाई न्यूनीकरण गर्नका लागी विपक्षी जिल्ला कोभिड व्यवस्थापन समिति ( पहिला जिल्ला विपत व्यवस्थापन समिति ) को सफारिशमा प्रमुख जिल्ला अधिकारीज्यूले मिति २०७८।०१।२१ गते देखि नै यस जिल्लामा निषेधाज्ञाको आदेश जारी गरी गरेको छ । यस प्रदेश अन्तर्गतका सवै जिल्लाहरुमा हाल निषेधाज्ञाको आदेश जारी रहेको छ । यसवाट नै धनुषा जिल्ला लगायत यस प्रदेशमा कोरोना भाईरसको प्रभाव उच्च रहेको र धेरै व्यक्तिहरु संक्रमित हुनुका साथै दैनिकी रुपमा व्यक्तिको मृत्यू समेत भई रहेकोवाट यसले एउटा महामारीको रुप समेत लई सकेको प्रष्ट छ ।

२) नेपालको संविधान २०७२ को धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपुर्वक वाच्न पाउने हक हुने छ , धारा ३५ (१) मा प्रत्येक नागरिकलाई राज्यवाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवावाट वन्चित गरिने छैन , सोही धाराको उपधारा (३) मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुचको हक हुने छ भन्ने संवैधानिक व्यवस्था रहेको छ । त्यसैगरी जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ (१) मा प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने अधिकार हुने छ , उपदफा (४) मा प्रत्येक नागरिकलाई देहायका शीर्षक अन्तर्गतका तोकिए वमोजिमका आधारभुत स्वास्थ्य सेवाहरु निःशुल्क प्राप्त गर्ने हक हुनेछ र देहाय (ग) मा सरुवा रोग सम्वन्धि सेवा भनी सुचिकृत गरेको छ । सोही ऐनको दफा ६ मा प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागी आएको विरामीलाई आफनो स्वास्थ्य संस्थाको संरचना , उपकरण , विशेष सेवा भए सम्म प्रेषण (रेफरल) गर्न नहुने भन्ने र दफा ७ (१) मा नेपाल सरकारले प्रत्येक नागरिकलाई

स्वास्थ्य संस्थावाट गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने व्यवस्था मलाउने छ र दफा १२ मा यस ऐन वमोजिम उपचार गर्दा सवै सेवाग्राही प्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु सम्वन्धित स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ । लगायतको संवैधानिक एव कानूनी व्यवस्था रहेको छ ।

३) नेपालको सं वधान र प्रच लत कानूनले नागरिकलाई प्रदान गरेको उक्त स्वास्थ्य सम्वन्धि अ धकारको प्रचलन एव कार्यान्वयन गर्ने जिम्मेवारी तथा कर्तव्य यस प्रदेश र जिल्लामा वपक्षीहरुको रहेको छ । वपक्षी मध्येका प्रादे शक अस्पताल वपक्षी प्रदेश सरकारको मातहतमा रहेको र हाल दे खएको कोरोना संक्रमणवाट प्रभा वत भएका व्यक्तिहरुको उपचारको लागी प्रादे शक अस्पताल जनकपुरधाम र जानकी मे डकल कलेज रमदैयालाई समेत लाई तो कएको छ । उक्त प्रादे शक अस्पतालको हाता भत्रमा रहेको ईनडोर (मे डकल वार्ड) मा र हाता वाहिर रहेको आईसोलेशन भवन गरी २ (दुई) स्थान (भवन) तो कएको छ । प्रदेश सरकारको मातहतमा रहेको प्रादे शक अस्पताल प्रदेश कै प्रमुख अस्पतालको रुपमा रहेको र यस अस्पतालमा जनशक्ति , वेड संख्या तथा उपचार सामग्रीहरु समेत पर्याप्त संख्यामा रहेको छ ।

४) नेपालको मानव वकास सूचांक सवै भन्दा कमजोर यही प्रदेश नं. २ को रहेको छ भने जि. ड.पी को अवस्था पनि राम्रो रहेको छैन । यस प्रदेशमा मानव वस्ती वाक्लो रहेको र गरिवीको संख्या पनि उच्च नै रहेको छ । यस्तो अवस्थामा को भड–१९ वाट संक्र मत व्यक्तिको उपचार निजी अस्पतालमा ज्यादै गाह्रो रहेको र निजी अस्पतालको दैनिकी शुल्क पनि अत्य धक रहेको कारणले प्रायः संक्र मत व्यक्ति सरकारी अस्पताल अर्थात वपक्षी प्रादे शक अस्पतालकै भर पर्नु पर्ने वाध्यता रहेको छ । यस कारणले पनि राज्यको नियन्त्रण एव संचालनमा रहेको सरकारी स्वास्थ्य संस्था र सो संस्थामा आवद्ध रहेका स्वास्थ्यकर्मीहरुको भू मका , व्यवहार र क्रयाकलापहरु मानवीय , पारदर्शी , सम्मानयोग्य , सकृय , प्रभावकारी तथा कानून वमोजिमको हुनुपर्छ ।

५) वपक्षी प्रादे शक अस्पतालमा यस जिल्ला तथा प्रदेश भत्रका अन्य जिल्लामा वसोवास गर्ने व्यक्तिहरु कोरोना भाईरसवाट संक्र मत भएको अवस्थामा उपचारका लागी वपक्षी अस्पतालमा नै जाने गर्ने गरेका छन । यसरी उपचारका लागी गएका संक्र मत व्यक्तिलाई उपचार गर्नुको सटटामा वपक्षी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुवाट वेड खाली नरहेको ," आक्सिजन नरहेको जस्ता शव्दहरु प्रयोग गर्दै संक्र मत व्यक्तिलाई स्वास्थ्य सेवा दिनवाट ईन्कार गर्दै आएको छ । वपक्षी अस्पतालले शुरुमा भर्ना लन–गर्नवाट नै ईन्कार गर्दै आएको छ भने यदी भर्ना भएको अवस्थामा पनि संक्र मत व्यक्तिलाई स्वास्थ्यकर्मीले नछुने , टाढै वस्ने , संक्र मत व्यक्तिका परिवारका सदस्यवाट नै औषधी खुवाउने , आक्सिजन लेवल जाँच गराउने , आक्सिजन मास्क लगाउन लगाउने लगायतको

कार्य गराउदै आएको छ । जुन कार्य आफैमा गैरकानूनी हुनुका साथै जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा ४ , ७ , १६ समेतको वपरित रहेको छ । वपक्षी प्रादे शक अस्पताल जनकपुरवाट भई रहेको उक्त क समको कार्य एव व्यवहारवाट सं वधान एव कानूनले प्रदान गरेको मौ लक हक र कानूनी हकवाट नागरिक वन्चित हुनु परीरहेको अवस्था छ भने न्यून आ र्थक क्षमता भएको व्यक्तिहरु उपचारको अभावमा मृत्यूवरण सम्म गर्नु परी रहेको अवस्था छ भने अर्को तर्फ परिवारका अन्य व्यक्ति पनि संक्र मत हुने संभावना प्रवल रहेको छ । वपक्षी प्रादे शक अस्पतालवाट भई रहेको उक्त गैरकानूनी एव गैरमानवीय कार्यवाट यस जिल्ला तथा अन्य जिल्लाका सेवाग्राहीहरु तथा निजका आफन्तहरु समेत प्रत्यक्ष मर्कामा परी रहेको अवस्था छ ।

६) जिल्ला प्रशासन कार्यालयवाट दैनिकी रुपमा सार्वजनिक हुदै आएको को भड संक्र मतको संख्या र वपक्षी अस्पतालमा रहेको वेड संख्यालाई हेर्दा वपक्षी अस्पतालमा रहेको वेड भन्दा निकै कम संक्र मत व्यक्तिले मात्र क थत उपचार पाई रहेको अवस्था छ । वपक्षी अस्पतालमा संक्र मतका लागी छुटयाईएको वेड भन्दा कम व्यक्ति भर्ना भएको र वेड खाली रहेको अवस्थामा पनि वपक्षी अस्पतालले संक्र मत व्यक्तिलाई व भन्न वहानामा फर्काउने गरेको छ । यस्तो कार्य कुनै पनि टृष्टिले क्षम्य हुन सक्दैन ।

७) प्रदेश नं. २ को जिल्लाहरुमा मति २०७८।०२।०९ गतेको मात्रै तथ्याँकलाई हेर्दा धनुषामा ८६ ( तर अनलाई खवरमा ९६) ,वारामा १५७ , सरहामा ८६ ,महोत्तरीमा ६० , पर्सामा ३७ ,सर्लाहीमा २१,रौतहटमा १३ र सप्तरीमा ५९ जना संक्र मत भएको छ भने देशमा १९३ जना र धनुषामा २ जना संक्र मतको मृत्यू भएको छ । धनुषा जिल्लामा मात्र ७५४ जना सकृय संक्र मत रहेको छ भने ५६ जनाको मृत्यू भई सकेको देखाएको छ । मति २०७८।०२।१० गतेको तथ्याँकलाई हेर्दा धनुषामा १३४ (तर अनलाई खवरमा १५०) , वारामा ३८ , सरहामा ५७ ,महोत्तरीमा १४१,पर्सामा २३,सर्लाहीमा ३४ , रौतहटमा ४१ , र सप्तरीमा ४२ जना संक्र मत भएको छ भने देशमा १८५ जना र धनुषामा २ जना संक्र मतको मृत्यू भएको सरकारी तथ्याँकले देखाएको छ । धनुषामा आजको मति सम्म सकृय संक्र मतको संख्या ८७१ जना रहेको छ भने मृतकको संख्या ५८ देखाएको छ । मति २०७८।०२।११ गतेको तथ्याँकलाई हेर्दा धनुषामा ११३ (तर अनलाई खवरमा ११७) , वारामा ५८ , सरहामा ६ ,महोत्तरीमा ३० ,पर्सामा ३१ ,सर्लाहीमा १७३, रौतहटमा १४ , र सप्तरीमा ८१ जना संक्र मत भएको छ भने देशमा १६९ जना र धनुषामा ३ जना संक्र मतको मृत्यू भएको सरकारी तथ्याँकले देखाएको छ । धनुषामा आजको मति सम्म सकृय संक्र मतको संख्या ९८४ जना रहेको छ भने मृतकको संख्या ६१ देखाएको छ । त्यसै गरी मति २०७८।०२।१२ गतेको तथ्याँकलाई हेर्दा धनुषामा १००(तर अनलाई खवरमा १०४ ) , वारामा ३१, सरहामा ३३,महोत्तरीमा ६९,पर्सामा २४,सर्लाहीमा ११६, रौतहटमा ३८, र सप्तरीमा ६६ जना संक्र मत भएको छ भने देशमा १४५ जना र धनुषामा ५ जना संक्र मतको मृत्यू भएको सरकारी

तथ्याँकले देखाएको छ । धनुषामा आजको मति सम्म सकृय संक्र मतको संख्या १०५६ जना रहेको छ भने मृतकको संख्या ६६ देखाएको छ । यो तथ्याँक राज्यको सम्पर्कमा रहेको संक्र मतको मात्र छ भने राज्यको सम्पर्कमा नरहेको संक्र मतहरु मध्येका धेरैले ज्यानै गुमाउनु परेको अवस्था छ । यसका साथै भेरियन्ट कोरोना भाईरसको दोस्रो लहर कायमै रहेको अवस्थामा थप व्लैक फगस नामको अर्को माहामारी पनि शुरु भई सकेको र सो भाईरसको प्रभाव नेपालमा देखा परी सकेको अवस्थामा छ । यस्तो अवस्थामा नागरिकको स्वास्थ्य सेवा थप व लयो , प्रभावकारी र पर्याप्त हुनु अति आवश्यक रहेको छ । यस प्रदेश र जिल्लामा स्वास्थ्य संस्थालाई व लयो एव प्रभावकारी वनाउनका लागी आवश्यक पर्ने निती–नियम वनाउने , पर्याप्त वजेट वनियोजन गर्ने ,जनशक्तिको उपलव्धता एव संचालन गर्ने —गराउने, स्वास्थ्य सेवाको अनुगमण निय मत एव प्रभावकारी रुपमा गर्नु –गराउनु पर्ने लगायतको जिम्मेवारी एव कर्तव्य वपक्षीहरुको रहेको छ । आजको वषम परिस्थितीमा राज्यको सम्वन्धित निकाय वढी संवेदन शल एव सकृय भएको अवस्थामा मात्र नागरिकले आफना मौ लक एव कानूनी हकको उपयोग गर्न सक्ने अवस्था हुन्छ । तर वपक्षीहरुको निष्कृयताको कारणले नागरिकले आफना मौ लक एव कानूनी हकवाट वं चत हुन परी रहेको अवस्था छ । नागरिकको मौ लक एव कानूनी हकलाई कुनै पनि वहाना र कुनै पनि अवस्थामा राज्यको निकायले अनदेखा गर्न वा वहानावाजी गर्न मल्दैन । तसर्थ राज्यको सम्वन्धित निकायलाई प्रच लत सं वधान र कानूनले तोकेको जिम्मेवारी एव कर्तव्य निवाह गर्न— गराउनका लागी पनि न्यायिक सकृतया अति आवश्यक रहेको छ ।

८) यसरी नेपालको सं वधान र प्रच लत कानूनले नागरिकको स्वास्थ्यको अ धकारलाई संर क्षत गरेको र स्वास्थ्यको अ धकारलाई सुर क्षत गर्नका लागी स्वास्थ्य संस्थालाई आवश्यक जिम्मेवारी एव दायित्व समेत तोक्दै नागरिकको जीवन एव स्वास्थ्य सेवाको अ धकारलाई सुर क्षत गरेको छ । आजको वषम परिस्थितीमा नागरिकको स्वास्थ्य सेवा एव जिवनको अ धकारलाई सुर क्षत गर्नु सवै सरकार एव सरकारका सम्वन्धित निकायको पहिलो एव प्रमुख दायित्व एवम कर्तव्य रहेको तथ्यमा कुनै ववाद हुन सक्दैन । तर आजको माहामारीको वषम अवस्थामा पनि प्रच लत कानूनले स्वास्थ्य संस्थालाई तो कएको जिम्मेवारी एव कर्तव्य प्रति वमुख रहदै आएको , नागरिकको समानपूर्वक वाच्न एव स्वास्थ्य सेवा पाउन अ धकार प्रति उदा सन रहेको र अन्य वपक्षीहरुवाट पनि आवश्यक एव प्रभावकारी अनुगमण समेत हुन नसकेको अवस्थामा थप स्वास्थ्य समस्या आउन सक्ने प्रवल संभावना पनि रहेको दे खन्छ । तसर्थ वपक्षी प्रादे शक अस्पताल लगायतका स्वास्थ्य संस्थालाई वढी प्रभावकारी एव सकृय रुपमा सेवा प्रदान गर्न— गराउनका लागी तथा आजको वषम परिस्थितीको सामना गर्नका लागी पनि वपक्षीहरुको सकृयता एव प्रभावकारी पहलको अति आवश्यता रहेको छ ।

९) नेपालको संवधान २०७२ ले कानूनी राज्यको अवधारणालाई अंगकार गरेको छ । कानूनी राज्यमा कानूनद्वारा स्थापत निकाय एवं व्यक्तिले कानून वमोजिम आफ्नो जिम्मेवारी एवं कर्तव्य निर्वाह गर्नु पर्दछ । कानूनी समालाई उल्लंघन गर्ने अधकार कानूनी राज्यमा कसैलाई पनि हुदैन । तर वपक्षी मध्येका प्रादेशक अस्पतालले आफना कानूनी दायरा एवं जिम्मेवारी वपरीतको कार्य गर्दै आएको र गरी रहेको कारणले उक्त गैरकानूनी कार्यलाई रोक्नु पर्ने अति आवश्यता रहेको छ । सरकारका सम्वन्धित निकायहरुको वेवास्ता एव निष्कृयताका कारणले न्यायिक सकृयताको अभावमा सो गैरकानूनी कार्यलाई रोक्ने अन्य कुनै माध्यम एव अवस्था समेत रहेको छैन । वपक्षीहरुको गैरकानूनी कार्यवाट यस क्षेत्रमा वसोवास गर्ने कोभड–१९ का सम्पूर्ण संकमत व्यक्तिलाई मर्का परी रहेको छ । उक्त मर्का एव पडालाई समाधान गर्ने अन्य वपक्षी निकाय एव अधकारीको कर्तव्य एव जिम्मेवारी हो ।

१०) अतः उपरोक्त वर्णत आधार एवं कानूनी व्यवस्था अनुसार प्रकरण नं. २ मा उल्लेखत संवैधानिक एव कानूनी व्यवस्था वमोजिमको स्वास्थ्य सेवाको हक प्रत्येक संक्रमत नागरिकलाई प्रभावकारी एव समान रुपमा उपलव्ध गर्नु– गराउन तथा कुनै संक्रमत व्यक्तिलाई उपचारको हकवाट वन्चित हुने कसमको कुनै पनि कसमको कार्य नगर्न–नगराउन तथा जन स्वास्थ्य ऐन २०७५ को दफा ४,७ वमोजिमको कर्तव्य पूर्णरुपमा पालन गर्नु गराउनुको साथै काभड–१९ को सम्वन्धमा के कति वेड संख्या , कति स्वास्थ्यकर्मी , दैनिकी आउने संक्रमतको संख्या र उपचारको अवस्थासंग सम्वन्धित अन्य ववरण समेतको वारेमा दैनिकी रुपमा यस अदालतमा प्रतिवेदन पेश गर्नु भनी वपक्षी प्रादेशक अस्पताल जनकपुरधाम र वपक्षी प्रादेशक अस्पताल वकास समतिको नाममा तथा अन्य वपक्षीहरुले प्रादेशक अस्पताल र अन्य सरकारी अस्पतालमा नियमत रुपमा अनुगमण गर्न,आवश्यक निती–नियम वनाएर पर्याप्त मात्रामा वजेट एव जनशक्तिको व्यवस्थापन गर्न–गराउनको साथै जनस्वास्थ्य ऐन २०७५ र कोभड–१९ संकट व्यवस्थापन अध्यादेश २०७८ को दफा ५ , १६ र १७ ले तोकेको कर्तव्य पूर्णरुपमा पालन गर्दै कोभडको सम्वन्धमा रहेको दैनिकी अवस्था र सो सम्वन्धमा गरेको निर्णय , निती , लगायतको प्रतिवेदन यस अदालतमा प्रत्येक ७–७ दिनमा पेश गर्नु– गराउनु भनी वपक्षीहरुको नाममा परमादेशको आदेश लगायत अन्य उपयुक्त एव आवश्यक आज्ञा – आदेश समेत जारी गरी पाँउ । साथै प्रस्तुत रिट निवेदनको अन्तिम कार्यवाही नभए सम्मको लागी उपरोक्त अनुसारको कार्य गर्नु गराउनु भनी वपक्षीहरुको नाममा उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) वमोजिम तत्कालै अन्तरिम आदेश समेत जारी गरी पाँउ ।

११) यस सम्वन्धमा कहि कतै कुनै कसमको उजूर वाजुर गरेको छैन ।

१२) न्याय प्रशासन ऐन २०७३ को दफा ८ अनुसार यसै स. अदालतको अ धकार क्षेत्र भत्र पर्दछ ।

१३) यो निवेदन पत्र दर्ता गर्न हाललाई कानून व्यवसायीको रुपमा नियुक्त गरेको छैन ।

१४) यो निवेदन पत्र दर्ता गर्न लाग्ने दस्तुर रु. ५००।— यसै साथ सलग्न छ ।

१५) प्रमाणः निम्न कागज प्रमाणहरुको छायाकापी यसै साथ छ ।

क) नागरिकताको छायाकापी थान ...........................................................१

ख) जिल्ला प्रशासन कार्यालयवाट दैनिकी रुपमा सार्वजनिक हुदै आएको को भड— १९ संग सम्वन्धित दैनिकी गति वधी थान..............................................

१६) यसमा ले खएको व्यहोरा सत्य छ झुठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

निवेदक

अ धवत्ता राज कुमार महासेठ

को वारेश अ मत कुमार पण्डित

इति सम्वत् २०७८ साल जेष्ठ महिनाको १३ गते रोज ५ मा शुभम् .............

श्री उच्च अदालत जनकपुरमा पेश गरेको

निवेदन-पत्र

वषयः सार संक्षेपीकरण पेश गरेको ।

जिल्ला धनुषा जनकपुर उप–महानगरपालिका वार्ड नं। १० मा बस्ने स्व. राज कशोर महासेठको छोरा वर्ष ४८ को अधवक्ता राज कुमार महासेठ .............१
को वारेश जिल्ला धनुषा धनौजी गाउपालिका वार्ड नं. २ मा वस्ने वर्ष ३० को अमत कुमार पण्डित ..........................................................................१
} **निवेदक**

बिरुद्ध

मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय , प्रदेश नं. २ जनकपुर धाम .....१
प्रदेश निर्देशन समति,मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय ,प्रदेश नं. २ जनकपुर धाम ..........................................२ समेत जना ..........................९
} **विपक्षी प्रत्यर्थी**

मुद्दाः— परमादेश

सम्वत् २०७८ सालको रिट नं.

म निवेदक नेपाली नागरिक रहेको र सार्वजनिक सरोकारको रुपमा रहेको मौलक हकको प्रभावकारी कार्यान्वयनको लागी अन्य कुनै वैकल्पिक एवं प्रभावकारी कानूनी व्यवस्थाको अभावमा नेपालको संवधान २०७२ को धारा १६, १८ , ३५ ,१४४ , मुलुकी देवानी संहिता २०७४ को दफा १७ , १८ जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ ,४, ६, ७, १२ , १६, २५ र २७, तथा कोभड–१९ संकट व्यवस्थापन अध्यादेश २०७८ को दफा ५, १६, १७ र न्याय प्रशासन ऐन २०७३ को दफा ८ समेत वमोजिम प्रस्तुत रिट निवेदन-पत्र लई उपस्थित भएको छु । मेरो निवेदन दावी निम्न वमोजिम रहेको छ ।

१) वश्व व्यापी रुपमा फैलएको भेरियन्ट सहितको कोरोना भाईरस (**Covid – 19** ) को दोस्रो लहरवाट नेपाल पनि पूर्ण रुपमा प्रभावत भएको छ । वगत महिना देख नै यसको प्रत्यक्ष प्रभाव धनुषा जिल्ला लगायत यो प्रदेशमा पनि परेको छ । भेरियन्ट कोभड भाईसरवाट प्रत्येक दिन यस प्रदेशमा ५०० भन्दा वढी व्यक्तिहरु संक्रमत हुदै आएको छ । धनुषा जिल्लामा मात्र दैनिक रुपमा १५० को हाराहारमा संक्रमत देखएको अवस्था छ भने परिक्षणको प्रतिशतले हिसाव गर्दा ४० देख ५० प्रतिशतको हाराहारीमा व्यक्ति प्रभावत भई रहेको तथ्य तथ्याँकले देखाएदै आएको छ ।

२) नेपालको संवधान २०७२ को धारा ३५ (१) मा प्रत्येक नागरिकलाई राज्यवाट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवावाट वन्चित गरिने छैन , सोही धाराको उपधारा (३) मा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुचको हक हुने छ भन्ने संवैधानिक व्यवस्था रहेको छ । त्यसैगरी जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा ३ (१) मा प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने अधकार हुने छ , उपदफा (४) मा प्रत्येक नागरिकलाई देहायका शीर्षक अन्तर्गतका तोकए वमोजिमका आधारभुत स्वास्थ्य सेवाहरु निःशुल्क प्राप्त गर्ने हक हुनेछ र देहाय (ग) मा सरुवा रोग सम्वन्धि सेवा भनी सुचकृत गरेको छ । सोही ऐनको दफा ६ मा प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागी आएको वरामीलाई आफनो स्वास्थ्य संस्थाको संरचना , उपकरण , वशेष सेवा भए सम्म प्रेषण (रेफरल) गर्न नहुने भन्ने र दफा ७ (१) मा नेपाल सरकारले प्रत्येक नागरिकलाई स्वास्थ्य संस्थावाट गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने व्यवस्था मलाउने छ र दफा १२ मा यस ऐन वमोजिम उपचार गर्दा सवै सेवाग्राही प्रति समान तथा आदरपूर्ण व्यवहार गर्नु सम्वन्धित स्वास्थ्य कर्मीको कर्तव्य हुनेछ । लगायतको संवैधानिक एव कानूनी व्यवस्था रहेको छ ।

३) कोरोना संक्रमणवाट प्रभावत भएका व्यक्तिहरुको उपचारको लागी प्रादेशक अस्पताल जनकपुरधाम र जानकी मेडकल कलेज रमदैयालाई समेत लाई तोकएको छ । वपक्षी प्रादेशक अस्पतालमा कोरोना भाईरसवाट संक्रमत भएको व्यक्ति उपचारका लागी वपक्षी अस्पतालमा नै जाने गर्ने गरेका छन। यसरी उपचारका लागी गएका संक्रमत व्यक्तिलाई उपचार गर्नुको सटटामा वपक्षी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुवाट वेड खाली नरहेको , आक्सिजन नरहेको जस्ता शव्दहरु प्रयोग गर्दै संक्रमत व्यक्तिलाई स्वास्थ्य सेवा दिनवाट ईन्कार गर्दै आएको छ । वपक्षी अस्पतालले शुरुमा भर्ना लन –गर्नवाट नै ईन्कार गर्दै आएको छ भने यदी भर्ना भएको अवस्थामा पनि संक्रमत व्यक्तिलाई स्वास्थ्यकर्मीले नछुने,टाढै वस्ने ,संक्रमत व्यक्तिका परिवारका सदस्यवाट नै औषधी खुवाउने,आक्सिजन लेवल जाँच गराउने ,आक्सिजन मास्क लगाउन लगाउने लगायतको कार्य गराउदै आएको छ । जुन कार्य आफैमा गैरकानूनी हुनुका साथै जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा ४ , ७ , १६ समेतको वपरित रहेको छ ।

४) प्रदेश नं. २ को वगत ४ दिनको मात्रै तथ्याँक लाई हेर्दा राज्यको सम्पर्कमा रहेको संक्रमतको संख्या धैरै रहेको देखन्छ भने राज्यको सम्पर्कमा नरहेको संक्रमतहरु मध्येका धैरैले ज्यानै गुमाउनु परेको अवस्था छ । यस्तो अवस्थामा नागरिकको स्वास्थ्य सेवा थप वलयो , प्रभावकारी र पर्याप्त हुनु अति आवश्यक रहेको छ । यस प्रदेश र जिल्लामा स्वास्थ्य संस्थालाई वलयो एव प्रभावकारी वनाउनका लागी आवश्यक पर्ने निती–नियम वनाउने , पर्याप्त वजेट वनियोजन गर्ने , जनशक्तिको उपलव्धता एव संचालन गर्ने–

गराउने ,स्वास्थ्य सेवाको अनुगमण निय मत एव प्रभावकारी रुपमा गर्नु –गराउनु पर्ने लगायतको जिम्मेवारी एव कर्तव्य वपक्षीहरुको रहेको छ । तसर्थ वपक्षीले स्वास्थ्य संस्थालाई वढी प्रभावकारी एव सकृय रुपमा सेवा प्रदान गर्न–गराउनका लागी तथा आजको वषम परिस्थितीको सामना गर्नका लागी पनि वपक्षीहरुको सकृयता एव प्रभावकारी पहलको अति आवश्यता रहेको छ ।

५) अतः उपरोक्त व र्णत आधार एवं कानूनी व्यवस्था अनुसार प्रकरण नं. २ मा उल्ले खत संवैधानिक एव कानूनी व्यवस्था वमोजिमको स्वास्थ्य सेवाको हक प्रत्येक संक्र मत नागरिकलाई प्रभावकारी एव समान रुपमा उपलव्ध गर्नु– गराउन तथा कुनै संक्र मत व्यक्तिलाई उपचारको हकवाट वन्चित हुने क समको कुनै पनि क समको कार्य नगर्न– नगराउन तथा जन स्वास्थ्य ऐन २०७५ को दफा ४ , ७ वमोजिमको कर्तव्य पूर्णरुपमा पालन गर्नु गराउनुको साथै का भड–१९ को सम्वन्धमा के कति वेड संख्या , कति स्वास्थ्यकर्मी,दैनिकी आउने संक्र मतको संख्या र उपचारको अवस्थासंग सम्वन्धित अन्य ववरण समेतको वारेमा दैनिकी रुपमा यस अदालतमा प्रतिवेदन पेश गर्नु भनी वपक्षी प्रादे शक अस्पताल जनकपुरधाम र वपक्षी प्रादे शक अस्पताल वकास स मति को नाममा तथा अन्य वपक्षीहरुले प्रादे शक अस्पताल र अन्य सरकारी अस्पतालमा निय मत रुपमा अनुगमण गरी आवश्यक निती–नियम वनाएर पर्याप्त मात्रामा वजेट एव जनशक्तिको व्यवस्थापन गर्न–गराउनको साथै जनस्वास्थ्य ऐन २०७५ र को भड–१९ संकट व्यवस्थापन अध्यादेश २०७८ को दफा ५ ,१६ र १७ ले तोकेको कर्तव्य पूर्णरुपमा पालन गर्दै को भडको सम्वन्धमा रहेको दैनिकी अवस्था र सो सम्वन्धमा गरेको निर्णय , निती , लगायतको प्रतिवेदन यस अदालतमा प्रत्येक ७–७ दिनमा पेश गर्नु– गराउनु भनी वपक्षीहरुको नाममा परमादेशको आदेश लगायत अन्य उपयुक्त एव आवश्यक आज्ञा – आदेश समेत जारी गरी पाँउ । साथै प्रस्तुत रिट निवेदनको अन्तिम कार्यवाही नभए सम्मको लागी उपरोक्त अनुसारको कार्य गर्नु गराउनु भनी वपक्षीहरुको नाममा उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) वमोजिम तत्कालै अन्तरिम आदेश समेत जारी गरी पाँउ ।

६) यसमा ले खएको व्यहोरा सत्य छ झुठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला ।

<u>निवेदक</u>

वारेश अ मत कुमार पण्डित

इति सम्वत् २०७८ साल जेष्ठ महिनाको १३ गते रोज ५ मा शुभम् ......................